प्रतिदिन १६औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१६ ।। अङ्क : ९३ ॥ २०८१ वैशाख ३१ गते सोमबार (13th May 2024 Monday) Pratidin National Daily मूल्य-रु.५/-


# गिरीबन्धु प्रकरणमा सर्वोच्चको पूर्णपाठ सार्वजनिक

झापा(प्रस) । सर्वोच्च अदालतले गिरीबन्धु टी-इस्टेटको जग्गासम्बन्धी फैसलाको पूर्णपाठ सार्वजनिक गरेको छ ।

सर्वोच्चले निश्चित उद्देश्यका लागि पाएको हदबन्दीभन्दा बढीको जग्गा अन्य प्रयोजनमा उपभोग वा साटफेर गर्न, मास्न वा बेचबिखन गर्न स्थायी रूपमै लगाम लगाइदिएको छ । सरकारबाट हदबन्दी छुट पाएको जग्गा दुरूपयोग गर्न मात्र होइन, बाँझो राखेको भेटिए पनि त्यसलाई सरकारकै स्वामित्वमा ल्याउने गरी सर्वोच्चले सरकारका नाममा परमादेश जारी गरेको छ । सर्वोच्चले हदबन्दी छुटसम्बन्धी अन्य जग्गाको हकमा समेत कडा सर्तसहितको ऐतिहासिक व्याख्या गरिदिएको छ । साथै, गिरीबन्धुको जग्गा यसअघि नै व्यक्तिका नाममा लैजाने गरी भएका निर्णय पनि बदर गर्दै सरकारका नाममा कायम गर्न पनि सर्वोच्चले परमादेश जारी गरेको छ ।

'हदबन्दी छुट प्रदान गर्दाको अवस्थामा उल्लेख गरिएबमोजिम प्रयोजनमा जग्गाको प्रयोग वा उपयोग नगरी फरक प्रयोजनमा उपयोग गरिएको वा जग्गा खाली (बाँझो) राखिएको अवस्थाको जग्गाको पहिचान गरी तत्काल र अनिवार्य रूपमा सो हदभन्दीभन्दा बढी देखिएको जग्गा नेपाल सरकारका नाममा प्राप्त गर्नू/गराउनू,' फैसलामा भनिएको छ ।

केपी शर्मा ओली नेतृत्वको तत्कालीन सरकारले २०७८ वैशाख १३ मा झापाको बिर्तामोडस्थित गिरीबन्धु टी-इस्टेटको ३ सय ४३ विगाहभन्दा बढी जग्गा साटफेर गरेर व्यापारिक प्रयोजनमा लगाउन दिने गरी निर्णय गरेको थियो । उक्त निर्णयलाई नीतिगत भ्रष्टाचार भन्दै अधिवक्ता ओमप्रकाश अर्यालले सर्वोच्चमा रिट दायर गरेका थिए । जसमा सर्वोच्चले गत माघ २४ मा नै सरकारको निर्णयलाई गैरकानुनी भन्दै बदर गरेको थियो ।




सर्वोच्चको उक्त व्याख्याले कानुन नै बदलेर सत्ता र शक्तिको दुरुपयोग गरी हदबन्दी छुट प्राप्त जग्गालाई अन्य काममा लगाउन 'शासक-शक्तिकेन्द्र' बाट हुने चलखेललाई पनि लगाम लगाइदिएको छ । गिरीबन्धु टी-इस्टेटसँग सम्बन्धित फैसलाको पूर्णपाठमार्फत गरिएको न्यायिक व्याख्याले हदबन्दीमा छुट पाएका देशभरका जग्गा दुरुपयोग वा अरू नै काममा प्रयोग गर्न मात्र नभई बाँझो राखेमा पनि त्यो सरकारकै नाममा प्राप्त हुने नजिर स्थापित भएको अधिवक्ता अर्यालले बताए ।

'हदबन्दी छुट जग्गाबारे सर्वोच्चले गरेको यो फैसला र व्याख्याले राष्ट्रिय हित र भूमिसम्बन्धी न्याय क्षेत्रको संवैधानिक विधिशास्त्रको विस्तार गरेको छ । हदबन्दी छुटको जग्गालाई सर्वोच्चले राष्ट्रिय सम्पत्तिका रूपमा व्याख्या गरिदिएको छ,' अर्यालले भने, 'यसले अब कसैको स्वार्थमा हदबन्दी छुट प्राप्त जग्गा सर्त र सम्झौताविपरीत खाने/मास्ने वा उपभोग गर्न कसैले सक्ने छैन ।'

प्रत्यक्ष रूपमा गर्न नमिल्ने कार्यको अप्रत्यक्ष रूपमा गर्न पाउने गरी जग्गा सट्टापट्टा गर्ने सम्बन्धमा दिइएको अनुमति वा स्वीकृति सर्वथा अनुचित र भूमिसम्बन्धी कानुनले गरेको हदबन्दीसम्बन्धी अवधारणा प्रतिकूल रहेको सर्वोच्चको ठहर छ । 'कानुनभन्दा माथि कोही पनि हुँदैन, कानुन नै सर्वोपरी रहन्छ । यसलाई कानुनको शासनको सामान्य सिद्धान्तका रूपमा बुझ्न सकिन्छ तर, नेपाल सरकारका विभागीय मन्त्री तथा मन्त्रिपरिषद् तहसमेतबाट हदबन्दीसम्बन्धी कानुनको मनसाय प्रतिकूल एकपछि अर्को निर्णय भएको पाइयो,' सर्वोच्चले भनेको छ, 'नीतिगत तहबाट हुने यस प्रकारका निर्णयबाट राष्ट्रिय हितको जगेर्ना हुन सक्तैन ।' सट्टापट्टाका लागि दिइने वस्तु र लिइने वस्तुको सुनिश्चितता आवश्यक हुने तर दिइने वस्तु निश्चित हुने र प्राप्त गर्ने वस्तु अनिश्चित रहेको व्यवहारले सट्टापट्टाको स्थान ग्रहण नगर्ने भन्दै गिरीबन्धुसम्बन्धी निर्णयलाई सर्वोच्चले 'उधारो सर्तयुक्त निर्णय र अपरिपक्व प्रकृतिको' भनेको छ ।

सर्वोच्चले हदबन्दीसम्बन्धी सट्टाभर्नाका नाममा बदनियतपूर्ण रूपमा जग्गा खाने/मास्ने गतिविधिलाई निस्तेज पार्न कडा सर्त रहने गरी सरकारका नाममा परमादेश जारी गरेको हो । पूर्णपाठमा 'उचित र पर्याप्त कारण परी हदबन्दीभन्दा बढी जग्गाको सट्टापट्टा वा स्थानान्तरणका लागि स्वीकृति प्रदान गर्नु परेमा जग्गाको क्षेत्रफल, चिया उत्पादन हुने क्षेत्र वा सम्भाव्यताको प्राविधिक विश्लेषणसहितको राय, सट्टापट्टा हुने जग्गाको समानुपातिक क्षेत्रफल एकै स्थानमा (एउटै प्लटमा) उपलब्ध हुने कुराको सुनिश्चितता, सट्टापट्टा गरी लिने र दिने दुवै जग्गाको समानुपातिक मूल्य, तत्काल प्रदान गरी आएको रोजगारी संख्या नघट्ने कुराको सुनिश्चितता, सट्टापट्टा गरिने जग्गामा चिया खेती गर्दाको वातावरणीय प्रभाव मूल्यांकन र जग्गा सट्टापट्टा वा स्थानान्तरण गर्नुपरेमा उचित र पर्याप्त कारण तथा सोलाई पुष्टि गर्ने वस्तुगत आधारसमेतका समग्र पक्ष यकिन भएपछि मात्रै भूमिसम्बन्धी ऐनलगायत सोसम्बन्धी अवधारणामा अनुकूल हुने गरी हदबन्दीभन्दा बढीको जग्गा सट्टापट्टा वा स्थानान्तरणसम्बन्धी व्यवस्थापन कार्य गर्नू/गराउनू' भनिएको छ ।

सर्वोच्चले हदबन्दी छुट प्रदान गर्दाको सर्तबमोजिम जग्गाको प्रयोग वा उपयोग नगरी फरक (अन्य) प्रयोजनमा उपयोग गरिएको वा जग्गा खाली (बाँझो) राखिएको अवस्थाका जग्गाको पहिचान गरी तत्काल र अनिवार्य रूपमा सो हदबन्दीभन्दा बढी देखिएको जग्गा नेपाल सरकारका नाममा ल्याउन पनि परमादेश दिएको छ । यस्तै हदबन्दी लागू भएको क्षेत्रहरूमा सो हदबन्दी लागू भएको मितिसम्म कानुनबमोजिम राख्न पाउने अधिकतम हदभन्दा बढी जग्गा आफ्नो साथमा वा आफ्ना परिवारका साथमा हुने कुनै जग्गावालाले हदबन्दीसम्बन्धी प्रावधान प्रारम्भ भएपछि त्यस्तो जग्गा कानुनले अंशमा हक पाउने अंशियार बाहेक अरू कसैलाई बेचबिखन, दानदातव्य, सट्टापट्टा गरी वा अरू कुनै व्यहोराले हक छाडी दिएको रहेछ भने सो लेनदेनको लिखत रजिस्ट्रेसन पास भएको वा नभएको जे भए तापनि त्यस्तो लेनदेनलाई हदबन्दीको तात्पर्यका लागि मान्यता नदिइने पनि सर्वोच्चले व्याख्या गरेको छ । 'त्यस्तो जग्गा हक छाडी दिने जग्गावालाकै साथमा कायम रहेको मानी हदबन्दीको प्रावधान लागू हुनेसरह मानी हदबन्दीको प्रावधान लागू हुने देखिन्छ,' पूर्णपाठमा भनिएको छ, 'तसर्थ गिरीबन्धु टी-इस्टेट प्रालिको हदबन्दी प्रयोजनका लागि हस्तान्तरण गरिएको जग्गा क्षेत्रफल गणना गर्दा २०६० सालको निर्णयबमोजिम हस्तान्तरण गरिएको ५१ बिघा जग्गालाई समेत कुल हदबन्दी क्षेत्रफल कायम गर्ने प्रयोजनका लागि गणना गर्नु र तदनुसार गणना गर्दा हदबन्दीभन्दा बढी देखिएको र चिया उद्योगको काममा उपयोग नरहेको प्रत्यर्थी गिरीबन्धु टी-इस्टेट प्रालिका नाममा रहेको जग्गा नेपाल सरकारका नाममा प्राप्त गर्नू/गराउनू ।'

संसद्बाट कानुन बनाउनुअघि नै गिरीबन्धुको जग्गा खरिदबिक्री सुनिश्चित हुने भन्दै ३७ करोड ५० लाखमा लेनदेनको कागज गरिसकेका थिए । गिरीबन्धुको जग्गा सट्टापट्टा गर्न प्रक्रिया सुरु गरिएपछि झापाका भक्तराज भारतीले २०७५ माघ १४ मा सर्वोच्चमा रिट दायर गरेका थिए । उक्त रिटमाथि सुनुवाइ गर्दै मीरा खड्का र हरिकृष्ण कार्कीको संयुक्त इजलासले भूमिसम्बन्धी ऐन २०२१ विपरीत भएको ठहर गर्दै २०७५ फागुन ६ मा अन्तरिम आदेश जारी गरेको थियो । त्यसपछि तत्कालीन ओली सरकारले ऐन संशोधन गरेर जग्गामा व्यापारिक समूहलाई छिराउने र बगानलाई अन्यत्रै कम मूल्यको जग्गामा सट्टापट्टा गर्ने खेल रचिएको थियो ।

खरिदबिक्रीको सम्झौता भएको ५ वर्षपछि शक्ति-स्वार्थ समूहले मन्त्रिपरिषद्बाट जग्गा सट्टापट्टा गर्ने निर्णय गराउन सफल भएको थियो । तर अदालतमा मुद्दा दायरपछि रोकिएको गिरीबन्धुको चिया बगानको जग्गा साटफेर गर्ने योजनामा अन्ततः सर्वोच्चले लगाम लगाइदिएको हो । गिरीबन्धु टी-इस्टेटको जग्गा प्लटिङ गर्ने प्रयोजनका लागि सर्वसाधारणबाट पनि करोडौं रुपैयाँ संकलन गरिसकिएको थियो ।

## फैसलाप्रति बालेनले के भने ?



झापा(प्रस) । काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन शाहले यो सरकारले तत्कालीन केपी ओली नेतृत्वको सरकारलाई कारबाहीको दायरामा ल्याउनुपर्ने माग गरेका छन्। उनले सामाजिक सञ्जालमार्फत यस्तो माग गरेका हुन्।

उनले भनेका छन्,'झापास्थित गिरीबन्धु चिया बगान (गिरीबन्धु टि-इस्टेट)अन्तर्गत रहेको झन्डै ३४४ बिगाह जग्गा साटफेर गर्न दिने तत्कालीन केपी ओली सरकारको निर्णयलाई सर्वोच्चका संवैधानिक इजलासले 'सर्वथा अनुचित, अपरिपक्व र उधारो शर्तयुक्त' भन्दै हदबन्दी छुटमा दिएको जग्गाको प्रयोजन समाप्त भएमा उक्त जग्गा सरकारले फिर्ता लिनुपर्ने फैसला गरेको छ।'

उनले अब त्यहाँ कि चिया बगान हुने कि त त्यो जग्गा सरकारको हुने बताए। उनका अनुसार यो जग्गा अहिलेको अवस्थामा १० अर्बभन्दा धेरै मूल्यको रहेको छ।

'अब तत्कालीन सरकारलाई कारबाहीको भागिदार बनाउनुपर्छ यो सरकारले,'उनले भनेका छन्,'जस जसले बैना गर्नु भएको छ यो जग्गाको लागि अब कानुनी प्रक्रियाबाट बैना फिर्तामा जानु होला तपाईँहरूको जग्गा प्राप्तिको बाटो सकिएको छ।'

देशको अरबौँको सम्पत्तिलाई एकल प्रयासले जोगाउन सफल भएको भन्दै उनले कानुनी सल्लाहकार ओमप्रकाश अर्याललाई धन्यवाद दिएका छन्। 'धन्न तपाई जस्तो कोही हुनुहुन्छ र सरकारी सम्पत्ति बचेको छ,'उनले उल्लेख गरेका छन्।

# विश्व हिन्दु महासंघको कोशी अध्यक्षमा राई

बिर्तामोड(प्रस) । विश्व हिन्दु महासंघको कोशी प्रदेश अध्यक्षमा आनन्द संतोषी राई सर्वसम्मत चयन भएका छन् । कोशी प्रदेशको अधिवेशनबाट उनी अध्यक्षमा चयन भएका हुन् । सोही अधिवेशनले १७ सदस्यीय कोशी प्रदेश कार्यसमिति चयन गरेको छ। जसअनुसार उपाध्यक्षमा माधवप्रसाद भट्टराई (इलाम),महिला उपाध्यक्ष रिता खनाल (ताप्लेजुङ),सचिव राजकुमार खड्का(पाँचथर), सहसचिव भक्तिप्रसाद तिवारी 'बिदुर'(झापा) र यशकुमार चापागाई(धनकुटा), कोषाध्यक्षमा इन्द्रनारायण प्रसाई (झापा), सहकोषाध्यक्षमा तुलसा पौडेल(झापा) तथा सदस्यहरुमा खड्गबहादुर घिमिरे, राधा खड्का र राजकुमार घिमिरे( संखुवासभा),



मदन अधिकारी ,गोमा सिटौला,सरिता ओली,संतोष ओली(झापा), जीवा तिमाल तामाङ(पाँचथर), बिष्णुप्रसाद चालिसे(मोरङ) सर्वसम्मत चयन भएको अधिवेशन निर्वाचन मण्डलीका सदस्य अधिवक्ता रामप्रसाद घिमिरेले जानकारी दिए। सोही अधिवेशनबाट चार सदस्यीय कोशी प्रदेश सल्लाहकार समितिसमेत चयन भएको छ । जसमा आचार्य छन्दुराम भण्डारी, आचार्य दामोदर न्यौपाने, पं. नरेन्द्र भट्टराई र स्वामी कृष्णा नन्द रहेका भएका छन्। समिति चयन गर्नका लागि विश्व हिन्दु महासंघ केन्द्रीय महासचिव रामचन्द्र तिवारीको संयोजकत्वमा केन्द्रीय सदस्य तथा अधिवक्ता रामप्रसाद घिमिरे र केन्द्रीय सदस्य कुमार ओझा सदस्य रहेको तीन सदस्यीय निर्वाचन मण्डली गठन गरिएको हो। संयोजक तिवारीले आगामी तीन बर्षे कार्यकाल रहनेगरी निर्वाचित समितिलाई सपथ ग्रहण गराएका छन् । यसअघि विश्व हिन्दु महासंघ झापा अध्यक्ष मोहन उप्रेतीको अध्यक्षतामा भएको उद्घाटन सत्रमा केन्द्रीय अध्यक्ष डा. रामचन्द्र अधिकारी, बिभिन्न स्थानमा गुरुकुल स्थापनाकर्ता धर्मानुरागी किशोर गौतम,केन्द्रीय उपाध्यक्ष ऋषिकेशजंग शाह, किरातगुरु चन्द्रकुमार शेर्मा,कन्काई कोटीहोम उपाध्यक्ष शेरबहादुर थापा, राष्ट्रिय हिन्दु एकता मञ्च अध्यक्ष इन्द्रप्रसाद ओली, सुनसरी जिल्ला अध्यक्ष आनन्द आचार्य, झापा कोषाध्यक्ष कृष्ण उप्रेतीलगायतले शुभकामना मन्तब्य राखेका थिए । विश्व हिन्दु महासंघ झापा शाखाको भवन बिराटपोखरमा केन्द्रीय अध्यक्ष डा. रामचन्द्र अधिकारीले उद्घाटन गरेको कार्यक्रमको संचालन झापा सचिव गणेश कार्की र स्वागत मन्तव्य झापा उपाध्यक्ष डिल्लीराम उप्रेतीले गरेका थिए ।


ऋषिकेश
Hair Oil
३५ जडिबुटीयुक्त

- कपाल झर्न नदिने
- नया कपाल उमार्ने
- सिल्की बनाउने
- चायाा हटाउने
- टाउको चिलाउन रोक्ने

Chemical free no side effects
100% Natural
Price Rs. 1500/-



Saptashree Ayurvedic Pvt. Ltd.
Kathmandu, Nepal
Mobile/Whatsapp: 9810095900, 9844600332

# दशनामी समाजका तीन पत्रकार सम्मानित



बिर्तामोड(प्रस) ।झापाका तीन जना पत्रकारसहित ११ जना अक्षयकोष दाता सम्मानित भएका छन् । दशनामीहरुका कुलगुरु शंकराचार्यको १२३६ औं जन्मजयन्तीका अवसरमा नेपाल दशनामी समाज बिर्तामोड नगर समितिले उनीहरुलाई सम्मान गरेको हो ।

नागरिक एफएमका प्रधान सम्पादक तथा साप्ताहिक समाचारका सम्पादक गोपाल गिरी, नेपाल पत्रकार महासंघ झापा शाखा अध्यक्ष तथा पूर्वाञ्चल दैनिकका प्रधान सम्पादक एकराज गिरी र शब्दपत्र डटकमका सम्पादक तथा प्रकाशक उद्धव पुरी सम्मानित भएका हुन् । पत्रकारत्रयले दशनामी समाजको प्रचारप्रसारमा समाचारका माध्यमबाट पुर्‍याएको योगदानको उच्च मूल्याङ्कन गर्दै समाजले सम्मान गरेको जनाएको छ ।

त्यस्तै समाजका केन्द्रीय संरक्षक तथा अक्षयकोष दाता भरतलाल गिरी, केन्द्रीय अध्यक्ष तथा अक्षयकोष दाता गोबिन्दबिक्रम गिरी, केन्द्रीय सल्लाहकार सदस्य तथा अक्षयकोष दाता बालकृष्ण गिरी, समाजका कोशी प्रदेश सल्लाहकार तथा अक्षयकोषदाता चन्द्रप्रसाद र कोशी प्रदेश उपाध्यक्ष शारदा गिरी, समाजका कोशी प्रदेश अध्यक्ष तथा अक्षयकोष दाता पदमबहादुर पुरी (प्रकाश), बिर्तामोड नगर सल्लाहकार तथा अक्षयकोष दाता नरनाथ गिरी, नगर सल्लाहकार तथा अक्षयकोष दाता सन्तोष गिरी, अक्षयकोष दाता सूर्यप्रसाद र देबीकुमारी गिरी, सल्लाहकार तथा अक्षयकोषदाता शंकर गिरी, बिर्तामोड नगर कोषाध्यक्ष तथा अक्षयकोष दाता खड्गराज गिरी र अक्षयकोष दाता हेमराज गिरी पनि सम्मानित भएका छन् । उनीहरुले नगरले स्थापना गरेको अक्षयकोष तथा हितकोषका लागि रकम प्रदान गरेको भन्दै सम्मान गरिएको हो ।

नेपाल दशनामी समाज बिर्तामोड नगर अध्यक्ष अर्जुन गिरीको अध्यक्षतामा भएको कार्यक्रममा समाजका संस्थापक केन्द्रीय संरक्षक कृष्णकुमार गिरीको प्रमुख आतिथ्य रहेको थियो ।समाजका बिर्तामोड नगर समिति जेष्ठ सदस्य घनश्याम गिरीले स्वागत गरेको कार्यक्रममा प्रमुख अतिथि कृष्णकुमार गिरी, केन्द्रीय संरक्षक भरतलाल गिरी, केन्द्रीय अध्यक्ष गोबिन्दबिक्रम गिरी, केन्द्रीय सदस्य एलबी गिरी, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, कोशी प्रदेश सल्लाहकार चन्द्रप्रसाद गिरी, कोशी प्रदेश अध्यक्ष पदमबहादुर पुरी (प्रकाश), पूर्व झापा अध्यक्ष खिलबहादुर गिरी (राजु), अक्षयकोषदाता नरनाथ गिरी, अर्जुनधारा नगर अध्यक्ष होमनाथ पुरी, मेचीनगर नगर अध्यक्ष भूपेन्द्र गिरीलगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन कोशी प्रदेश सह-सचिव उमेश भारतीले गरेका थिए । सोही कार्याक्रमकाबिच नगर अध्यक्ष अर्जुन गिरीको कार्यलाई उच्च मूल्याङ्कन गर्दै अक्षयकोष दाताहरुको तर्फबाट सम्मान गरिएको थियो ।

कार्यक्रममा उपाध्यक्ष सम्झना गिरी (पुरी), सह-सचिव प्रजित पुरी (धनबहादुर), सदस्यहरु रणबहादुर गिरी, पद्मादेबी पुरी बिदुर गिरी, खेमराज गिरी, हरि गिरी, धनबहादुर पुरी, विश्वनाथ बन, बद्री गिरी (बिनोद), रन्जु गिरीलगायतको उपस्थिति रहेको थियो ।

सोही कार्यक्रममा दशनामीका हरेक गतिविधिमा सहयोग पुर्‍याएको भन्दै बिर्तामोड अनलाइन सोझाका सञ्चालक खड्क थापा, इमेज फोटो स्टुडियोका सञ्चालक तथा फोटोग्राफर खड्ग राय, मनकामना फुड बेभरेजका सञ्चालक नवराज भारतीलाई पनि सम्मान गरिएको थियो ।

# दुर्घटनामा दुई जनाको मृत्यु, ६ घाइते

झापा(प्रस) । मोरङका अलगअलग स्थानमा आइतबार सवारी दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । ६ जना घाइते भएका छन्।

मदन भण्डारी लोकमार्गअन्तर्गत केराबारी गाउँपालिका-५ बगैंचा चोकमा पिकअप भेनले अटो टेम्पोलाई ठक्कर दिँदा अटो चालकको मृत्यु भएको छ । बा११च २९२८ नम्बरको पिकअपले प्रदेश १-०२-००२ ह ९२४४ नम्बरको अटोलाई आइतवार दिउँसो २:४५ बजेतिर ठक्कर दिँदा दुर्घटना भएको हो।

दुर्घटनामा अटो चालक केराबारी-६ का ४५ वर्षीय मेखबहादुर मगरको मृत्यु भएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले बताए। उनका अनुसार दुर्घटनामा परेर गम्भीर घाइते भएका मगरलाई उपचारका लागि धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पुऱ्याउनसाथ चिकित्सकले मृत घोषित गरेका हुन्।

उक्त दुर्घटनामा पाँच जना घाइते भएका छन्। पिकअप चालक मोरङको बूढीगंगा गाउँपालिका-२ का ३२ वर्षीय शिवकुमार ऋषिदेव, अटोमा सवार केराबारी-६ की ६० वर्षीया हरिमाया मगर, सुनसरीको धरान उपमहानगरपालिका-११ की ३० वर्षीया सीता मगर, सीताकी छोरी १० वर्षीया प्रशुना मगर र छोरा ७ वर्षीय एग्रिल मगर घाइते भएका छन्।

घाइतेमध्ये हरिमायाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ पिकअप चालकबाहेक अन्यको अवस्था मध्यम छ। दुर्घटना परेर दुवै सवारीसाधन क्षतिग्रस्त बनेका छन्। सामान्य उपचारपछि पिकअप चालकलाई इलाका प्रहरी कार्यालय धरानले नियन्त्रणमा लिएको छ।

त्यस्तै मोरङको पथरीशनिश्चरे नगरपालिका-१ स्थित भित्री सडकखण्डमा मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ। पथरीबाट लेटाङको जाँतेतर्फ जाँदै गरेको प्रदेश १-०२-०४३ प ७२१५ नम्बरको मोटरसाइकल दिउँसो ४:३० बजेतिर आफैं अनियन्त्रित भएर दुर्घटनामा परेको प्रहरीले जनाएको छ।

दुर्घटनामा मोटरसाइकल चालक लेटाङ नगरपालिका-८ का २५ वर्षीय दिपेश राईको मृत्यु भएको डीएसपी बस्नेतले बताए। उनका अनुसार गम्भीर घाइते भएका दिपेशलाई उपचारका लागि उर्लाबारीको मदन भण्डारी अस्पताल एवं ट्रमा सेन्टर लगिएको थियो। उपचारका क्रममा साँझ ६ बजेतिर चिकित्सकले मृत घोषित गरेको जानकारी बस्नेतले दिए।

दुर्घटनामा परेर मोटरसाइकलको पछाडि सवार दिपेशकी पत्नी २१ वर्षीया ललिता राई (मगर) गम्भीर घाइते भएकी छन्। मदन भण्डारी अस्पतालमा सम्भव नभएपछि उनलाई थप उपचारका लागि विराटनगरको न्युरो अस्पताल लगिएको प्रहरीले जनाएको छ। डीएसपी बस्नेतले दुवै दुर्घटनाका सम्बन्धमा अनुसन्धान सुरु गरिएको जानकारी दिए।

# वडा नं. १ लाई हराउँदै ११ विजयी



शिवसताक्षी(प्रस) । झापाको शिवसताक्षी मेयर कप आइतवारबाट सुरु भएको छ । शिवसताक्षी नगरपालिकाको झिलझिलेस्थित गणेशमान अध्ययन प्रतिष्ठानको खेलमैदानमा मेयर कप सरु भएको हो । मेयर कपको औपचारिक उद्घाटन भने सोमबार गरिने नगर खेलकुद विकास समितिले जनाएको छ । दिनभर झरी परेका कारण खेलको औपचारिक उद्घाटन सोमवार सारिएको हो ।

प्रतियोगिताको उद्घाटन सारिए पनि खेलतालिका अनुसार प्रतियोगिताको पहिलो खेल शिवसताक्षी नगरपालिका वडा नं. १ र ११ बीच भएको थियो ।

उद्घाटन खेलमा वडा नं. १ लाई ३ - १ गोल अन्तरले हराउँदै वडा नं. ११ विजयी भएको छ । खेलको ३० औं मिनेटमा वडा नं. ११ का आकाश पौडेलले पहिलो गोल गरेका थिए । त्यस्तै खेलको ३३ औं मिनेटमा वडा नं. १ का तर्फबाट नुवा सेवाले गोल गरेपछि खेल बराबरीमा पुगेको थियो ।

त्यसैगरी खेलको ५० औं मिनेटमा वडा ११ का निरोज श्रेष्ठ र ५७ औं मिनेटमा निकेश श्रेष्ठले १/ १ गोल गरेपछि वडा नं. ११ गोल अन्तर बढाउँदै विजयी भएको हो । खेलको म्यान अफ दी म्याच वडा नं. ११ का आकाश पौडेल घोषित भए । उनले नगदसहित ट्रफी प्राप्त गरे । सोमबार दुई खेल हुने आयोजकले जनाएको छ । जसमा वडा नं. ६ र १० त्यस्तैगरी वडा नं. ३ र वडा नं. ५ बीच प्रतिष्पर्धा हुने छ । शिवसताक्षी नगरप्रमुख मेगाहाङ थोप्राले खेलाडीलाई बल हस्तान्तरण गरेर खेल सुरु भएको थियो । नगर खेलकुद विकास समितिले भलिबल, क्रिकेट खेल झरी परेका कारण सोमवारबाट हुने जनाएको छ ।

फुटबलतर्फ प्रथमले ७० हजार, द्वितीयले ५० हजारसहित ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । त्यस्तै भलिबलतर्फ प्रथमले ५० हजार र, द्वितीयले ३० हजार, क्रिकेट खेलतर्फ प्रथमले ५० हजार र, द्वितीयले ३० हजार र व्याडमिन्टन डबलतर्फ प्रथम १० हजार, द्वितीयले ६ हजार र सिंगलतर्फ प्रथमले ५ हजार र द्वितीयले ३ हजारसहित ट्रफी मेडल, प्रमाणपत्र प्राप्त गर्ने आयोजक शिवसताक्षी खेलकुद विकास समितिले जनाएको छ।

# राष्ट्रपतिका आर्थिक सल्लाहकारले दिए राजीनामा

झापा(प्रस) ।राष्ट्रपति रामचन्द्र पौडेलका आर्थिक सल्लाहकार चिरञ्जीवी नेपालले राजीनामा दिएका छन्। उनको राजीनामा राष्ट्रपति पौडेलले स्वीकृति गरेको राष्ट्रपति कार्यालयका प्रवक्ता शैलजा रेग्मी भट्टराईले जानकारी दिइन्।

एक सय रुपैयाँको नोटमा चुच्चे नक्सा छाप्ने गएर नोटमा नक्सा छाप्नु अविवेकी निर्णय भएको तर्क गरेका थिए।

यद्यपि यसअधिको सय रुपैयाँको नोटमा गभर्नर रहँदा नेपालकै हस्ताक्षर छ। सोही पुरानो नक्सालाई परिवर्तन गरी सरकारले नयाँ नक्सासहितको नयाँ नोट ल्याउने निर्णय गरेको हो। नेपालको अभिव्यक्तिलाई लिएर एमाले



सरकारको निर्णयविरुद्ध अभिव्यक्ति दिएपछि राष्ट्रपति पौडेलले नेपाललाई स्पष्टिकरण सोधेका थिए। त्यसपछि उनले राजीनामा दिएका हुन्।

सरकारले एक सय रुपैयाँको नोटमा चुच्चे नक्सा राख्ने निर्णय गरेपछि उनले त्यसमा असन्तुष्टि जनाएका थिए। उनले भारतसँग सीमा विवाद रहेकै अवस्थामा अन्तर्राष्ट्रिय मान्यता बाहिर अध्यक्ष ओलीले नेपालको बोली राष्ट्रपतिकै हो वा नेपालको हो यसबारे प्रष्ट पार्नुपर्ने राष्ट्रपतिलाई प्रश्न गरेका थिए।

सो अभिव्यक्ति आर्थिक सल्लाहकारको हो भने राष्ट्रपतिजस्तो सम्मानित संस्थामा त्यस्ता व्यक्ति राख्न नहुने भन्दै ओलीले विरोध जनाएका थिए। उनको अभिव्यक्तिलाई लिएर चौतर्फी आलोचना भएको थियो।

# शिक्षकको वैचारिक आस्थामाथि रोक नलगाऊ–थापा

बिर्तामोड,बैशाख ३० । नेपाली कांग्रेस कोशी प्रदेशका सभापति तथा पूर्व मुख्यमन्त्री उद्धव थापाले वैचारिक आस्थामाथि बन्देज गरेर लोकतन्त्र बलियो हुन नसक्ने बताएका छन् । नेपाल शिक्षक संघको ३५ औं स्थापना दिवसको अवसरमा झापाको चारपानेमा आयोजित शिक्षक अभिनन्दन, सम्मान कार्यक्रमलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै नेता थापाले विद्यालय समय बाहिर शिक्षकलाई आस्था र विचारमा आवद्ध हुन र गतिविधि गर्न रोक लगाउन नहुने भनाई राखे ।

वर्तमान सरकारले विचार र अभिव्यक्ति स्वतन्त्रतामा धावा बोल्न लागेकोप्रति चनाखो रहन आग्रह गर्दै पूर्व मुख्यमन्त्री थापाले विचार र आस्था रोज्न पाउने अधिकारको सम्मान गर्न आग्रह गरे ।

नेपालको लोकतान्त्रिक आन्दोलनमा नेपाली शिक्षकले पुऱ्याएको योगदानलाई सबैले स्मरण गर्नुपर्नेमा थापाले जोड दिए ।

नेपाल शिक्षक संघ झापाका सभापति तोयानाथ दाहालको सभापतित्वमा सम्पन्न कार्यक्रममा शिक्षा विकास समन्वय इकाई प्रमुख राजकुमार बिक, नेपाली कांग्रेस झापाका उपसभापति केशवराज पाण्डे, नेपाली कांग्रेस झापा सचिव कृष्ण हुमागाई, नेपाल शिक्षक महासंघ झापाका अध्यक्ष नेत्र खरेल, कृष्णमाया रिजाललगायतले शुभकामना मन्तब्य राखेका थिए । कृष्णमाया दाहालले स्वागत गरेको कार्यक्रमको सञ्चालन देबेन्द्रचन्द्र सिंह राजवंशीले गरेका थिए । कार्यक्रममा प्रकाशचन्द्र भण्डारीलाई अभिनन्दन गरिएको थियो भने विभिन्न विधामा ३० जना बढीलाई सम्मान एवं पुरस्कृत गरिएको थियो ।

# एकीकृत पाठ्यक्रमसम्बन्धी कस्टमाइज्ड तालिम

दूधे(प्रस) । शिवसताक्षी नगरपालिकाको आयोजनामा तीन दिने एकीकृत पाठ्यक्रमसम्बन्धी कस्टमाइज्ड तालिम सुरु भएको छ ।

शिवसताक्षी नगरपालिकाको सभाहलमा शनिबारदेखि सुरु भएको सो तालिम नगरका प्रमुख लेखा अधिकृत प्रकाश योङहाङले उद्धाटन गरेका थिए । नगरपालिकाका शिक्षा शाखा प्रमुख छवि ढकालले नगरका ३५ शिक्षक शिक्षिका तालिममा सहभागी रहेको बताए । उनका अनुसार यो तालिम तीन दिनसम्म सञ्चालन हुनेछ।

कार्यक्रमका प्रमुख अतिथि लेखा अधिकृत योङहाङले शिवसताक्षी नगरका शिक्षक शिक्षिकाहरूको क्षमता विकासका लागि नगरपालिकाले धेरै कार्यक्रम ल्याएको बताए ।

उनले कार्यक्रममा प्रत्यक्ष सहभागी भएर आफ्नो क्षमता विस्तार गरी विद्याथीहरुको सुनौलो भविष्य निर्माणका लागि लागिपर्न शिक्षक शिक्षिकालाई अनुरोधसमेत गरेका छन्।

नगर शिक्षा अधिकारी ढकालको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल शिक्षक महासंघ शिवसताक्षी नगरका अध्यक्ष बेनु कार्कीले नगरका यस्ता कार्यक्रमले शिक्षक, विद्यार्थी र अभिभावकलाई प्रत्यक्ष फाइदा पुग्ने बताए । 'तालिमबाट प्राप्त ज्ञान र सीपलाई शिक्षक शिक्षिकाले कक्षा कोठामा गएर व्यावहारिक रुपमा उतार्नुहुनेछ भन्ने हामीले विश्वास लिएका छौं,' कार्कीले भने ।

यो तालिममा एकीकृत पाठ्यक्रम (कक्षा १,२ र ३) मा अध्यापन गराउने शिक्षक शिक्षिकाको सहभागिता छ। सहभागी शिक्षक शिक्षिकालाई देवी माध्यमिक विद्यालयका शिक्षकहरु लीलाप्रसाद भण्डारी र युवराज ढकालले सहजीकरण गरेका छन् ।तालिमका सहजकर्ता भण्डारीले पाठ्यक्रम जसरी वर्षेनि परिमार्जित हुन्छ , त्यसरी नै शिक्षक पनि वर्षेनि अपडेट हुनुपर्ने बताए । 'यदि शिक्षक अपडेट भएन भने पाठ्यपुस्तकको विषय एकातिर, शिक्षक अर्कातिर र विद्यार्थी अन्धकारतिर हुन्छन् । त्यसैले शिक्षक पनि अपडेट हुन आवश्यक छ 'उनले भने ।


**हात्तीपाइले रोग विरुद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरुरी सूचना**

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति २०८१ साल वैशाख १६ गतेदेखि हात्तीपाइले रोग विरूद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा सेवन गराइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ । यो अभियान २०८१ वैशाख २५ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधी आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

**हात्तीपाइले रोगका लक्षणहरू**



- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरुषको अण्डकोष वरपर नसाहरू फुल्ने
- पुरुषमा अण्डकोष ठुलो भई हाइड्रोसिल हुने
- महिलामा यौनाङ्ग तथा स्तन सुनिने र दुख्ने
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने
- पिसाब सेतो वा रातो आउने
- लामो समयसम्म सुख्खा खोकी लागिरहने
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरूबाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधी सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

**बिर्तामोड नगरपालिका**
स्वास्थ्य शाखा
झापा, कोशी प्रदेश, नेपाल



**पृथ्वी सबैको साझा घर हो ।**
**वन्यजन्तु तथा मानवको सहअस्तित्वमा जोड दिऔं ।**
**मानव हात्ती द्वन्दको अन्त्य गरौं ।**

हात्तीबाट सुरक्षित रहन ध्यान दिनु पर्ने कुराहरु:

- हात्ती आएको थाहा पाउने वित्तिकै जतिसक्दो छिटो सुरक्षित स्थानमा जाने, हात्तीबाट टाढै रहने ।
- हात्ती देख्नासाथ हो-हल्ला नगर्ने, आगोले नहान्ने, पटका नपड्काउने ।
- खेतीबाली, अन्न र घर सम्पत्ती भन्दा पहिला मानिस सुरक्षित रहने ।
- हात्ती धपाउदा सामूहिक प्रयास तथा सुरक्षित दुरीको पालना गर्ने ।
- मदिरा जन्य पद्वार्थ, नुन, अन्न मानिस सुत्ने ठाउँ नजिक नराख्ने । साथै मदिराजन्य पद्वार्थको सेवन गरी रातको समयमा हिडडुल नगर्ने ।
- घर वरीपरी विजुली बत्ती बाल्ने वा शक्तिशाली टर्चको प्रयोग गर्ने ।
- विहान तथा साँझको मधुरो प्रकाश भएको वेला वा रातीको अध्यारोमा सकभर हिडडुल नगर्ने ।
- बच्चासँग भएको हात्ती र माद चढेको हात्ती बढी आक्रमक हुने भएकाले संयमता अपनाउने ।
- गाउँ बस्तीबाट हात्तीलाई भगाउनु परेमा हात्ती जाने बाटो छोड्ने, चारै तिरबाट घेरा नहाल्ने ।

**याद राखौं, जंगली हात्ती नियन्त्रणको लागि विद्युतिय धराप थाप्नु दण्डनिय अपराध हो ।**

<u>थप जानकारीको लागि:</u>
डिभिजन वन कार्यालय, झापाको फोन नं. ०२३-४५२०५३
रातीको समयमा वन क्षेत्रको बाटो हिड्दा विशेष सतर्कता अपनाउनुहोस ।


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# छानबिन गर्दा के हुन्छ ?

सहकारी ठगी प्रकरणमा निरन्तर नाम जोडिएका गृहमन्त्री रवि लामिछाने सन्देहको घेरामा छन्। प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले लामिछानेमाथि अनुसन्धानका लागि संसदीय छानबिन समितिको माग गर्दै संसद् अवरुद्ध गर्दै आएको छ। यसले संसद्को नियमित काम लगातार प्रभावित हुँदै आएको छ। आवश्यक कानुन जारी हुन नसकेर अड्किएका छन्।

जनताका दैनिक समस्यामाथि छलफल र निकास निकाल्ने लोकतन्त्रको सर्वोच्च साझा थलो राजनीतिको बन्दी बनेको छ। तर, प्रधानमन्त्री पुष्पकमल दाहाल संसद् खुलाउने पहलमा नलागी आफ्ना सत्ता साझेदार राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिसमेत रहेका गृहमन्त्री लामिछानेको बचाउमा छन्। उनी गृहमन्त्रीलाई वैधानिक रूपमा कुनै उजुरी नपरेको तर्क गर्दै संसदीय छानबिन समिति बन्न नसक्ने तर्क गरिरहेका छन्।

सत्ता गठबन्धनको अर्को साझेदार नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली पनि संसदीय समिति बनाएको भोलिपल्ट कांग्रेसले गृहमन्त्रीको राजीनामा माग्ने भएकाले व्यक्ति विशेषमाथि लगाइएको आरोपका आधारमा समिति बनाउन नहुने धारणा राख्छन्।यहाँनेर त सामान्य नागरिक होइन, सम्पूर्ण देशलाई संविधान र कानुनको पालना गराउने गृह मन्त्रालयका प्रमुख गृहमन्त्रीमाथि नै ठगी र जालझेलको आरोप लागेको छ। तर, उनी आफूमाथि छानबिन गराउन होइन, छानबिनमार्फत निष्कलंक भएर इमानको राजनीतिको उदाहरण बन्न होइन, शक्ति र संयन्त्रको दुरुपयोगमार्फत स्वयंलाई 'क्लिनचिट' घोषित गर्न लागिपरेका जस्ता देखिन्छन्।गृहमन्त्री लामिछाने आफ्नो भनाइमा सधैंजसो आफू भारी मतका साथ जननिर्वाचित भएको बताउन चुक्दैनन्। यो सत्य हो र गौरव गर्नुपर्ने विषय पनि हो। तर, उनले के बिर्सन मिल्दैन भने यो मत उनले विगत, वर्तमान र भविष्यका गल्ती तथा दोषबाट बचाउने कवच होइन। यो त देश सञ्चालनको नीतिनिर्माणका लागि पाँच वर्षका लागि चितवन २ का बहुमत जनताले दिएको अस्थायी प्रतिनिधिको प्रमाण मात्र हो।

लामिछानेले बझ्नुपर्छ–राजनीति आफ्ना पूर्वकर्महरूको ढाकछोप होइन, सार्वजनिकीकरण हो। तर, उनी बेलाबेला यसरी प्रस्तुत भइरहेका देखिन्छन् कि अब उनीमाथि कसैले प्रश्न उठाउनै हुन्न, उठाउनै मिल्दैन, जसले उठाउँछ, ऊ सजायको भागीदार हुन्छ। उनको पार्टी रास्वपा पार्टी सभापति कानुनभन्दा माथि नरहेको बताउँछ तर सँगसँगै छानबिनको कानुनी प्रक्रियामा आफ्नो असहमति प्रकट गर्छ। यसले अधिकांश पुराना पार्टीमा विद्यमान सिद्धान्त र व्यवहारको द्वैध चरित्र यो नयाँ पार्टीमा पनि यति चाँडै अभ्यस्त भइसकेको संकेत गर्छ।

यतिबेला उनलाई धेरै पुरानो पनि होइन, दुई वर्षअघिसम्म उनकै व्यापार साझेदार रहेका जीबी राईसँग जोडेर सहकारी ठगीको आरोप लागेको छ। उनीमाथि यस्तो आरोप छ, जसमा लाखौं जनताको आँसुले न्यायको याचना गरिरहेको छ, जसको न्यायिक निरूपणमा गृहमन्त्रीले नै पहलकदमी लिनुपर्ने हो।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# पलायन रोक्न बौद्धिक क्रान्ति



• जगदीश रेग्मी

बौद्धिकहरूको चिन्तन सामाजिक चेतनाभन्दा उच्च स्तरको हुन्छ । विश्वको राजनीतिक विकासक्रमको अध्ययन गर्दा विकसित मुलुकले देशभित्र र बाहिर रहेका आफ्ना विज्ञ, विशेषज्ञ, प्रबुद्ध वर्ग, विद्वत् समूहको रायसल्लाह र विचारलाई आधार बनाएर उनीहरूको ज्ञान, सिप र अनुभवलाई मुलुक विकासमा उपयोग गरेको पाइन्छ । लोकतान्त्रिक गणतन्त्र प्राप्तिपछि हाम्रो मुलुकमा विद्वान् वर्गलाई पाखा लगाएर राजनीतिक आस्था र विचार बोकेर हिँड्ने कार्यकर्तालाई राज्यका अङ्गहरूमा र कूटनीतिक नियोगमा नियुक्ति दिने परम्परा बसालियो । यसले गर्दा ती निकायमा बौद्धिकताको स्पेस कमजोर हुँदै गएको छ । वस्तुतः हाम्रो मुलुकका अधिकांश योग्य र इमानदार बौद्धिक मुलुकभित्रै संघर्षको बाटो त्यागेर पलायनको बाटो रोजेका छन् । राष्ट्र विकासको दृष्टिले योभन्दा विडम्बना अरू केही हुनै सक्दैन ।

नेपालका धेरै जसो राजनीतिक दल क्याडरमा आधारित छन् । राजनेता पनि बिना क्याडर निर्वाचनमा विजयी हुने सम्भावना देखिँदैन । यो समस्या विद्यमान समय र राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थितिले सिर्जना गरेको हो । आफ्ना कार्यकर्ता र तिनका परिवारको जीवनभरका लागि लालन-पालन तथा भरण-पोषण गर्ने ल्याकत नभएका दल र तिनका कार्यकर्ताको राजनीतिक भविष्य सुनिश्चित छैन । यस्तो अवस्थामा उनीहरूले आफ्ना कार्यकर्ताको व्यवस्थापन गर्न बाध्य हुनु परेको छ । यस्तो विवश परिस्थितिमा उनीहरूले शिक्षित बेरोजगार कार्यकर्तालाई राज्यका अङ्गहरू जस्तैः अदालत, संवैधानिक आयोग, कूटनीतिक नियोग, विश्वविद्यालय आदि निकायमा नियुक्ति दिन्छन् । यसले गर्दा बौद्धिकहरू इन्गेज हुने त्यस्ता निकायमा बौद्धिक स्पेस खुम्चिँदै गएको स्थिति छ । बौद्धिक स्पेस खुम्चिँदै जाँदा बौद्धिकहरू विदेश पलायन हुन बाध्य भएका छन् ।

बौद्धिकलाई राज्यका अङ्गहरूमा भूमिका नदिनाले राज्यमा अनेकौँ समस्या र विकृतिले घर गरेका छन् । मूलधारमा रहेका राजनीतिक दलले मूल्य-मान्यता, निष्ठा, सिद्धान्त र विचार अनुरूपको राजनीति नगर्दा राजनीतिक संस्कार हराउँदै गएको अनुभव गरिँदै छ । राजनीतिमा दण्डहीनता मौलाउँदै गएको छ । फलतः सामाजिक न्याय हराएको या नैतिक न्यायमा ह्रास हुँदै गइरहेको स्थिति छ । मुलुकमा श्रम तथा पुँजी बजार विकसित नहुँदा नागरिकलाई आय र रोजगारीको अवसर छैन । जसले गर्दा उनीहरूको जीवनस्तर दैनन्दिन खस्कँदै गएको छ ।

बौद्धिक पुनर्जागरण हुनुभन्दा पहिलेको युरोपको अवस्था निकै अन्धकारमय थियो । त्यस समयमा जतातत्तै अन्धविश्वास फैलिएको थियो । धार्मिक अन्धता र धार्मिक कट्टरता पनि त्यत्तिकै थियो । त्यसैले होला प्राचीनकालपछि र पुनर्जागरण अघिको अवधिलाई कालो युग भनिन्थ्यो । छैटौँ शताब्दीदेखि तेह्रौँ शताब्दीसम्म अन्धविश्वास र धार्मिक कट्टरताका कारण नागरिक अधिकार हननका साथै प्राचीनकालीन सभ्यता र समुन्नतिमा ह्रास आएको थियो । चौधौँ शताब्दीदेखि पुनः आफ्नो प्राचीनकालीन शिक्षा, संस्कृति, कला, वैज्ञानिक, भौगोलिक आदि क्षेत्रको खोजी हुन थाल्यो । त्यस समयमा शिक्षा, संस्कृति, कला, सभ्यता र भाषाको विकास भयो । यही समयदेखि नयाँनयाँ खोज तथा आविष्कार भए र ज्ञानको पुनर्जन्म भयो । जसलाई युरोपेली समाजमा आएको व्यापक रूपको सामाजिक या बौद्धिक पुनर्जागरणको उपलब्धिका रूपमा चित्रण गर्न सकिन्छ ।

नेपालमा विसं १९९० को दशकदेखि भएको राजनीतिक चेतनाको विकासको फलस्वरूप राणाशासनविरोधी आन्दोलन भई विसं २००७ मा राजनीतिक परिवर्तन भयो । विसं १९०८ देखि फलामे हाते प्रेस (गिद्धे प्रेस) को प्रयोग हुँदै आधुनिक प्रेसको सहयोगले स्रष्टाहरूका कृति एवं पत्रिका प्रकाशन एवं वितरण हुँदा सर्वसाधारण नागरिकमा चेतना जागृत गरायो । प्रज्ञा प्रतिष्ठान जस्तो प्राज्ञिक कर्म गर्ने थलोको स्थापना हुनाले नयाँ नयाँ ज्ञान र विचारको सिर्जना भयो । शिक्षामा सुधारका लागि भूगोल, इतिहास, अर्थशास्त्र जस्ता विषय समावेश गर्नु पर्छ भनेर विसं २००४ असार १ देखि थालिएको जयतु संस्कृतम् आन्दोलनले राणाविरोधी बौद्धिक चेतना सिर्जना गर्‍यो । गुरुकुल शिक्षा प्रणालीले समाजमा बौद्धिक चेतना सिर्जना र विस्तार गरेको पाइन्छ । त्यस्तै २०२८ मा लागु आधुनिक शिक्षा पद्धतिले नागरिकमा नयाँ शिक्षाको विकास गराउनुको साथै चेतना जागृत गरेको थियो ।

बौद्धिकहरूलाई उपेक्षा गरी राज्यको शासन र विकास प्रक्रियामा संलग्न गराउन सकिएन । वस्तुतः ऊर्जाशील युवा र निष्ठावान् बौद्धिकहरूले देशमा सुनौलो भविष्य देखेनन् र पलायन भए । मुलुकको विकासप्रति उनीहरूमा रुचि र जागरण पलाएन । जब कि कर्मशील युवा र बौद्धिकको योगदानबिना राज्यको विकास सम्भवै छैन । त्यसैले होला बौद्धिक वर्गमा नयाँ प्रकृतिको पुनर्जागरणको आवश्यकता औँल्याउँदै विश्वभक्त दुलाल (आहुति) भन्नुहुन्छ, "नेपाली समाजमा पृथक् खालको एउटा नयाँ बौद्धिक पुनर्जागरण टड्कारो आवश्यकता बन्न पुगेको छ । त्यस्तो जागरण दूरगामी दर्शन, सिद्धान्त र राजनीतिक व्यवस्थाको बिउ भएको र नयाँ पुस्तालाई युगान्तकारी सपनातिर धकेल्ने स्तरको हुनु जरुरी छ । जसले वर्तमान सन्ततिलाई नयाँ खालको उत्प्रेरणा जगाउन सहयोग गरोस् ।" आहुतिले भने मुताविक बौद्धिक वर्गलाई जागरण अभियानमा संग्लग्न गराउनु नितान्त आवश्यक छ ।

राजनीतिलाई विज्ञताले नियन्त्रण गरेन भने मुलुक असफलतातर्फ धकेलिँदै जान्छ । त्यसको विपरीत अहिले मुलुकमा राजनीतिले विज्ञतामाथि नियन्त्रण गरिरहेको छ । मुलुकको राजनीतिक प्रणाली, संविधान, कानुन आदि निर्माण र सञ्चालन गर्ने, देश र विश्व परिस्थिति बुझेर बाह्य समाजको विकास पद्धतिलाई आफ्नो समाज अनुकूल ढाल्न सक्ने र बिग्रेको-भत्केको देश (समाज) लाई पुनर्स्थापित गर्न सक्ने औकात राख्ने बौद्धिक राजनीतिज्ञको नियन्त्रणमा रहेको देखिन्छ । यसै कारणले बौद्धिकहरू पलायन हुँदै गएका छन् । हङ्गेरीका प्राज्ञ डा. फ्रयाङ्क फुरेदी भन्छन्, 'पश्चिमी समाजबाट बौद्धिकहरू हराइरहेको र उनीहरूको ठाउँमा टेक्नोक्र्याट, विज्ञ विशेषज्ञ, पेसाकर्मी र ज्ञानका बिचौलियाको उदय भइरहेको छ ।' फुरेदीले भने अनुसार नै नेपालमा पनि बौद्धिक वर्ग हराइरहेको अवस्था छ । त्यसैले होला बौद्धिकताको चरम अपमान र त्योसँगै अवसान पनि भएको छ । प्रवासीहरूको ज्ञान र विज्ञताको उपयोग गर्दै राष्ट्रको विकास गर्ने उद्देश्यले २०७६ साल वैशाख १४ गते परराष्ट्र मन्त्रालय अन्तर्गत एउटा एकाइको रूपमा रहनेगरी बौद्धिक आर्जन केन्द्र स्थापना भएको छ । राज्यले सार्वजनिक सरोकारका विषयमा नीति अनुसन्धान र विश्लेषण गरेर अर्थात् स्वतन्त्र रूपले अध्ययन अनुसन्धान गरी सरकारलाई नीतिगत सुझाव दिने उद्देश्यले बौद्धिक समूह (थिङ्क टैङ्क) को रूपमा २०७५/०६/०६ मा नीति अनुसन्धान प्रतिष्ठान स्थापना गरेको छ । राष्ट्रको विकासका निम्ति प्रवासी तथा स्वदेशकै विज्ञ विशेषज्ञहरूलाई उपयोग गर्न स्थापित यी निकायले उद्देश्य अनुरूपको परिणाम दिन सकेका छैनन् । किनकि यी निकायमा पनि कार्यकुशलता नभएका राजनेताका निकटका व्यक्तिलाई नियुक्ति दिइएको छ । यस्तो प्रयासले पनि बौद्धिक पलायनको शृङ्खला रोक्न सकिएको छैन ।

बौद्धिक पुनर्जागरणले राज्यको सङ्कट एवं विकृतिग्रस्त अवस्था; शासक वर्गको अनुचित व्यवहार जस्ता प्रतिगामी कदम र अवस्थाविरुद्ध प्रतिवाद एवं प्रतिरोध गर्ने हैसियत राख्छ । सिधा अर्थमा भन्दा बौद्धिक पुनर्जागरणले विचार र अभिव्यक्ति दिने कार्यमा शिक्षित एवं सचेत नागरिकलाई क्रियाशील गराउँछ । राज्यका अङ्गमा विद्यमान बौद्धिक स्पेसको रक्षा गर्न, नयाँ स्पेस सिर्जना र प्रवर्धन गर्न ठुलो भूमिका खेल्छ । जसबाट राज्यका अङ्गमा बौद्धिक स्पेस सुरक्षित भई बौद्धिक पलायन हुनबाट जोगाउँछ । यस स्तरको चेत नागरिकमा छैन र राजनेताहरूलाई चेत भए पनि त्यस मामलामा कुनै सरोकार छैन । तसर्थ राज्यलाई सही दिशानिर्देश र मार्गदर्शन गर्न तथा आफ्नै चिन्तन र कर्म प्रवर्धनका लागि बौद्धिकले जागरूक र सङ्गठित भई बुलन्द आवाज उठाउनै पर्छ ।

बौद्धिकहरूमा ज्ञान, विवेक र विशेषज्ञता जस्ता विशिष्ट क्षमता हुन्छ । उनीहरूमा रहेको बुद्धि, ज्ञान र चेतनाको स्तर राजनीतिज्ञको भन्दा उच्च श्रेणीको हुन्छ । बौद्धिकहरूको कर्म भनेकै सरकारका गतिविधिलाई एउटा खास दुरीबाट हेरेर बुझ्ने हो । त्यसमा कमीकमजोरी देखियो भने प्रश्न गर्ने हो र आलोचनात्मक सोच राख्ने हो । त्यसै गरी आफ्नो स्थानबाट स्वतन्त्र रूपमा बौद्धिक दृष्टिकोण राख्ने हो । बौद्धिकहरू आफ्नो पद, प्रतिष्ठा र विवेक बन्धक राखेर विज्ञता बेच्ने अर्थात् ज्ञान र बुद्धिको लिलामी गर्ने स्थितिमा पुगेका छन् । त्यही अवस्थाको मौका छोपेर राजनीतिज्ञले बौद्धिकलाई प्रयोग गरेका छन् । यही कारणले बौद्धिकहरू विदेश पलायन भएका छन् । समष्टिमा, बौद्धिकहरूलाई राज्यले पलायन हुनबाट रोक्नु पर्छ र त्यसमा थप पहलका निम्ति बौद्धिकहरू आफैँ सचेत र जागृत भई वैचारिक आन्दोलन (बौद्धिक क्रान्ति) गर्नु पर्छ ।

# सार्वजनिक सम्पत्तिको व्यवस्थापन



• गायत्री लम्साल

सरकारी निकायको स्वामित्वमा रहेका सम्पत्ति नै सार्वजनिक सम्पत्ति हुन् । अहिलेको अवस्थामा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हक, स्वामित्व, नियन्त्रणमा रहेको सार्वजनिक उपयोगका सम्पत्तिलाई सार्वजनिक सम्पत्ति भनिन्छ । यसको उचित व्यवस्थापन गरेर उपयोग र उपभोग गर्दा यसले सार्वजनिक जीवनको मूल्य अभिवृद्धि गर्छ । समग्र सार्वजनिक सेवाको विश्वसनीयतामा वृद्धि हुन्छ । सार्वजनिक कोषको प्रयोग गरी सरकारी निकायद्वारा सार्वजनिक सम्पत्ति खरिद गरिन्छ एकातिर भने अर्कोतिर कहिलेकाहीँ अन्य निकाय तथा पक्षबाट हस्तान्तरण भएर पनि त्यस्तो सम्पत्ति प्राप्त हुन्छ ।

सबै सरकारी सम्पत्तिलाई भौतिक तथा अभौतिक, चल तथा अचल, सजीव तथा निर्जीव जुनसुकै रूपमा विभाजन गरिए पनि यसलाई चालु र पुँजीगत गरी दुई प्रकारले वर्गीकरण गरिएको छ । सार्वजनिक सम्पत्तिको उचित व्यवस्थापनका लागि यसको उचित लेखाङ्कन हुन जरुरी छ । नेपाल सरकारको सार्वजनिक सम्पत्तिको छुट्टै लेखा नीति वा प्रणाली हुन नसक्दा हाल सरकारको जिन्सी स्रेस्ता प्रणाली अन्तर्गत यसको लेखाङ्कन हुने गरेको छ । लेखाङ्कन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ को व्यवस्थालाई अवलम्बन गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।

नेपालमा सार्वजनिक सम्पत्ति व्यवस्थापनले गति लिन सकेको छैन । यसमा विभिन्न बेथिति बढेको छ । सार्वजनिक सम्पत्तिको उचित व्यवस्थापन गरी यसको लाभ हासिल गर्न विशेष गरी राजनीतिक र प्रशासनिक नेतृत्व सबल र सक्षम हुनुपर्ने हो । सो हुन नसक्दा दुवैमा गैरनैतिक मूल्य संस्थागत हुँदै गएका छन् । सम्पत्तिको प्रयोगसम्बन्धी सबैले बुझ्ने खाले स्पष्ट नीतिगत र कानुनी मार्गदर्शनको अभाव छ । सार्वजनिक सम्पत्तिको बारेमा जवाफदेहिताको संस्थागत संयन्त्र बलियो बन्न सकेका छैनन् । हरेक कार्यालयको सम्पत्ति व्यवस्थापन गर्नु सो निकायमा कार्यरत कर्मचारीको जिम्मेवारी भए पनि यसले व्यावहारिकता हासिल गर्न सकेको छैन । सम्पत्ति व्यवस्थापन र कर्मचारीको वृत्ति विकासबिचको सम्बन्ध स्थापित गर्न जरुरी देखिन्छ ।

आफूले प्रयोग गर्ने सम्पत्ति सार्वजनिक वा निजी जे भए पनि त्यसको उपयोगिता बराबर हुने हुँदा त्यसको माया, जतन बराबरी गर्न सक्नु पर्छ । हामी कहाँ कार्यालयको सम्पत्ति र निजी सम्पत्तिको प्रयोगमा ठुलो भिन्नता देखिन्छ । सार्वजनिक सम्पत्तिलाई व्यक्तिगत स्वार्थमा प्रयोग गरेर तहसनहस गर्ने प्रवृत्ति यदाकदा देखिइरहन्छ । सार्वजनिक सम्पत्तिको सुरक्षा गर्ने र प्रयोग गर्ने दक्ष जनशक्तिको अभाव छ । यसले दुरुपयोग हुने क्रम बढाएको छ । स्थानीय र प्रदेशसम्मकै राज्यको सम्पत्तिको अभिलेख अध्यावधिक गर्ने कार्य झनै चुनौतीपूर्ण छ । महालेखा नियन्त्रण कार्यालयले प्रयोगमा ल्याएको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीलाई पूर्ण रूपमा लागु गर्न सकिएको छैन । यसको उचित प्रयोग गर्नु जरुरी छ । यसभित्र विभिन्न प्रविधिगत समस्या देखिएका छन् । सम्पत्तिको कोड निर्माण भएको छैन । दक्ष जनशक्तिको अभाव छ । सफ्टवेयरले राम्रो सँग काम गर्न सकेको छैन । सहज रूपमा इन्टरनेटको पहुँचमा अवरोध छ । मल्टियुजर प्रविधिको कमी छ । यसका साथै अस्पतालमा सम्पत्ति सूचीकरण गर्न कठिन हुनु, सरोकारवाला निकायबिच सहजीकरण नगरिनु जस्ता समस्याले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीले गति लिन सकेको छैन ।

सरकारको मात्र एकल प्रयासले सार्वजनिक सम्पत्तिको संरक्षण गर्न सकिँदैन । यसका लागि सबैको साझा प्रयास जरुरी छ । बेला-बेलामा सार्वजनिक सम्पत्तिको हिनामिना गरेको, सार्वजनिक सम्पत्ति व्यक्तिको नाममा सारिएका जस्ता खबर आइरहन्छन् । सार्वजनिक सम्पत्ति सबैको साझा सम्पत्ति हो । यसको संरक्षण गरे, यसको माया गरे, यसको राम्रोसँग उपयोग र उपभोग गर्दा सबैलाई फाइदा हुन्छ । सबैको सम्पत्तिलाई व्यक्तिको नाममा गराउँदा, यसको दोहोन गर्दा व्यक्तिलाई मात्र नभएर सिङ्गो मुलुकलाई घाटा हुन्छ । सिङ्गो पृथ्वीलाई समेत घाटा हुन्छ ।

सार्वजनिक सम्पत्तिको उचित व्यवस्थापन गर्न सार्वजनिक सम्पत्ति र जिन्सी व्यवस्थापनमा समेत उचित ध्यान दिनु पर्छ । यसका लागि हाल महालेखा नियन्त्रण कार्यालयले प्रयोगमा ल्याएको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीलाई कानुनमा नै व्यवस्था गरी सबै निकायमा अनिवार्य रूपमा निःशर्त लागु गर्नु पर्छ । तीन वटै तहमा सम्पत्ति व्यवस्थापनसम्बन्धी आवश्यक नीति तयार गरी सो को पूर्ण रूपमा कार्यान्वयनमा लैजान सक्नु पर्छ । विद्यमान कानुनलाई समयानुकूल परिमार्जन गरी जिम्मेवारी र जवाफदेहिताको स्पष्ट व्यवस्था गर्दै सम्पत्ति व्यवस्थापन मैत्री बनाउनु पर्छ । सम्पत्ति व्यवस्थापनमा नीतिगत सुधार जस्तै संस्थागत सुधारको पनि जरुरी छ । यसका लागि संघीय सरकारको मातहतमा सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्ने विशिष्ठ निकाय गठन हुनुपर्ने देखिन्छ । प्रदेश र स्थानीय तहसम्म नै सम्पत्ति व्यवस्थापन कार्यालय र एकाइ स्थापना गर्न आवश्यक छ ।

हरेक नागरिकमा सचेतना अभिवृद्धि गर्दै नतिजामुखी लेखाप्रणाली र कार्यमूलक लेखापरीक्षण अनिवार्य गर्न सक्नु पर्छ । हालको अवस्थामा सदाचार र नैतिकता गिर्दो छ । समय अनुसार क्रमशः बढ्दै गरेको नागरिक नियन्त्रण पद्धतिको सबलीकरण गर्नु तीन वटै तहका सरकारको अनिवार्य दायित्व हुन आउँछ । यो सूचना प्रविधिको समय हो । सार्वजनिक सम्पत्तिको उचित व्यवस्थापनको प्रबन्ध मिलाउन खोज मिडियालाई प्रोत्साहन दिनु पर्छ । सकारात्मक उत्पादनमुखी र सदाचारितामा आधारित सङ्गठनात्मक कार्यसंस्कृति निर्माण गर्नु जरुरी देखिन्छ ।

सार्वजनिक सम्पत्तिलाई प्रभावकारी उपयोग, संरक्षण, मर्मत, सम्भार गर्न सरोकारवाला सबै पक्षले आआफ्नो भूमिका निभाउन सक्नु पर्छ । विशेष गरी सङ्घीय सरकारको भूमिका अझ बढी महत्वपूर्ण हुन्छ । कार्यमूलक र क्रियाकलापमुखी लेखाको प्रभावकारी अनुगमन र मूल्याङ्कन गर्दै सार्वजनिक सम्पत्तिको उपयोगसम्बन्धी संघीय नीति र मापदण्ड निर्माण गर्नु पर्छ । राष्ट्रिय सदाचार नीति जारी गरी सदाचार र नैतिकतायुक्त नागरिक निर्माण गर्न आवश्यक छ । वित्तीय जवाफदेहिता कानुन कार्यान्वयनको प्रभावकारी अनुगमन र मूल्याङ्कन तथा सहजीकरण अनिवार्य हुन्छ । नेपालभरिको सार्वजनिक जग्गाको इन्भेन्ट्री तयार गरी सार्वजनिकीकरण गर्नु पर्छ । प्रदेश सरकारले संघीय मापदण्डको पूर्ण रूपमा पालना गर्दै आवश्यकता अनुसार थप रचनात्मक बनाई सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु पर्छ । सार्वजनिक जग्गाहरूको डिजिटल रेकर्ड राखी संघ र स्थानीय तहसँग समन्वय गर्नु पर्छ । हाल बेलाबेलामा देखिने गरेको राजनीति र प्रशासनबिचको विवादको दुरी हटाउँदै र घटाउँदै हाम्रा नेतृत्वले प्रशासनको असल अभिभावकत्व ग्रहण गर्न सक्नु पर्छ । आमनागरिक सार्वभौम हुन् । उनीहरूको आवाजको सम्मान गर्नु पर्छ । हाम्रो प्रशासकीय कानुनमा सार्वजनिक सम्पत्तिको संरक्षणलाई वृत्ति विकाससँग आबद्ध गर्ने प्रणालीको विकास गर्नु पर्छ ।

प्रशासनिक नेतृत्वमा व्यावसायिक नैतिकता र सदाचारिता तथा सार्वजनिक सेवाका आधार भूत मूल्यको अवलम्बन हुन सक्नु पर्छ । पारदर्शिता र जवाफदेहिताको उच्च सम्मान गर्दै लोकतान्त्रिक कार्यसंस्कारको निर्माण हुनु पर्छ । हाम्रा कर्मचारीले प्रचलित कानुन र मापदण्ड अक्षरशः पालना र कार्यान्वयन गर्दै नैतिकता र निष्ठाको अवलम्बन गर्नु पर्छ । सार्वजनिक सम्पत्ति व्यवस्थापनमा नागरिक समाज र मिडियाको समेत महत्वपूर्ण भूमिका रहन्छ । सार्वजनिक सम्पत्तिको दुरुपयोगसम्बन्धी कार्य देखिएमा निष्पक्षता, निर्भीकता र सदाचारितापूर्वक खबरदारी गर्न सक्नु पर्छ । यसैगरी ओभरसाइट एजेन्सीहरूले प्रवर्धनात्मक, निरोधात्मक र दण्डात्मक क्रियाकलाप सञ्चालन गरी सबै पात्रलाई सचेत र नैतिकवान् बनाउन आवश्यक देखिन्छ ।

नेपालमा सार्वजनिक सम्पत्ति, जिन्सी र धरौटीको लेखाङ्कन तथा संरक्षणका लागि कानुनी व्यवस्था गरिएको छ । तिनीहरू नै पूर्ण नभई छरिएका, अप्रयाप्त र अस्पष्ट छन् । मौजुदा कानुनको पूर्ण परिपालनासमेत भएको देखिँदैनन् । वर्तमान समयमा प्रविधिमैत्री बनाउने प्रयास गरिएको छ तर यसले गति लिन सकेको छैन । हाल दुविधामा रहेका कानुनी अस्पष्टतालाई स्पष्ट कानुनी व्यवस्था गरी जवाफदेहिता, आन्तरिक तथा बाह्य नियन्त्रण प्रणाली र प्रविधिको अधिकतम प्रयोगलाई प्रभावकारी बनाउन जरुरी देखिन्छ । यसका लागि सरोकारवाला सबैले उचित ध्यान दिँदै विशेष गरी माथिल्लो नेतृत्व तहबाट नै पूर्ण प्रतिबद्धताको साथ सुधारको थालनी गर्दै अघि बढ्न सक्नु पर्छ ।

# कोशीमा घट्‍यो गहुँ उत्पादन



झापा(प्रस) । कोशी प्रदेशमा हिउँदे बालीका रूपमा लगाउने गहुँको उत्पादनमा ह्रास भएको छ। कोशीमा गत वर्षको तुलनामा यस वर्ष ६ हजार ४ सय ५४ मेट्रिक टन हिउँदे बाली गहुँ उत्पादनमा ह्रास आएको हो।

गत वर्ष ५७ हजार २ सय १ हेक्टर क्षेत्रफलमा गहुँ लगाउँदा १ लाख ४७ हजार ३सय ३१ मेट्रिकटन गहुँ उत्पादन भएको थियो भने यस वर्ष ५३ हजार २ सय १८ हेक्टर क्षेत्रफलमा गहुँ लगाउदा १ लाख ३९ हजार ८ सय ७७ मेट्रिकटन गहुँ उत्पादन भएको हो। जुन गत वर्षको तुलनामा ६ हजार ४ सय ५४ मेट्रिक टन कम उत्पादन भएको कृषि विकास निर्देशनालय कोशी प्रदेशले जनाएको छ।

गत वर्षको तुलनामा यस वर्ष कोशी प्रदेशमा गहुँ लगाउने क्षेत्रफलमा समेत कमी आएको छ। निर्देशनालयका निमित्त निर्देशक प्रकाश डागीका अनुसार गत वर्ष ५७ हजार २ सय १ हेक्टर क्षेत्रफलमा गहुँ लगाएकोमा यस वर्ष ५३ हजार २ सय १८ हेक्टर क्षेत्रफलमा गहुँ लगाइएको थियो। जुन गत वर्षको तुलनामा ३ हजार ९ सय ८४ हेक्टर क्षेत्रफल कम हो। निर्देशनालय विराटनगरका अनुसार उच्च पहाडी जिल्ला ताप्लेजुङमा १४ सय ९८ हेक्टर क्षेत्रफमा गहुँ लगाएकोमा २ हजार ७ सय ८६ मेट्रिक टन, पाँचथरमा ३ हजार ७ सय ७ सइ २५ हेक्टर क्षेत्रफलमा लगाएकोमा ६ हजार ३५ मेट्रिकटन, इलाममा ४ हजार ५ सय २० हेक्टर क्षेत्रफलमा लगाएकोमा ११ हजार ५ सय २६ मेट्रिकटन गहुँ उत्पादन भएको छ।
त्यस्तै, झापामा ३ हजार हेक्टर क्षेत्रफलमा लगाएकोमा ७ हजार ९ सय ५० मेट्रिक टन, धनकुटामा १२ सय ९५ हेक्टर क्षेत्रफलमा लगाएकोमा २ हजार ७ सय २० मेट्रिक टन, भोजपुरमा ४ सय २१ हेक्टर क्षेत्रफलमा लगाएकोमा ७ सय ६६ मेट्रिकटन गहुँ उत्पादन भएको छ।

त्यस्तै, तेह्रथुममा २३ सय ९६ हेक्टर क्षेत्रफलमा लगाएकोमा ४ हजार ७ सय ७२ मेट्रिकटन, संखुवासभामा ७ सय १४ हेक्टर क्षेत्रफलमा लगाएकोमा १७ सय १४ मेट्रिक टन, खोटाङमा १४ सय ९४ हेक्टर क्षेत्रफलमा लगाएकोमा २ हजार २ सय ११ मेट्रिक टन, ओखलढुंगामा २ हजार १ सय ५२ हेक्टर क्षेत्रफलमा लगाएकोमा ४ हजार ८८ मेट्रिकटन र सोलुखुम्बुमा २६ सय ६५ हेकटर क्षेत्रफलमा लगाएकोमा ५ हजार ३ सय ४ मेट्रिक गहुँ उत्पादन भएको कृषि विकास निर्देशनालय कोशी प्रदेश विराटनगरले जनाएको छ।

त्यसैगरी मोरङमा ११ हजार ९ सय ६० हेक्टर क्षेत्रफलमा लगएकोमा ३५ हजार ८ सय ८० मेट्रिक टन, सुनसरीमा १२ हजार २ सय ४८ हेक्टरमा लगाएकोमा ४१ हजार २ सय ९८ मेट्रिक टन गहुँ उत्पादन भएको छ। उदयपुरमा ५ हजार १ सय ३० हेक्टर क्षेत्रफलमा लगाएकोमा १२ हजार ८ सय २५ मेट्रिकटन उत्पादन भएको हो।

# टेलिकमलाई मोबाइल सेवाको अनुमति

झापा(प्रस) ।नेपाल टेलिकमले मोबाइल सेवा सञ्चालनका लागि नयाँ अनुमतिपत्र प्राप्त गरेको छ । नेपाल दूरसञ्चार प्राधिकरणको बोर्ड बैठकले टेलिकमलाई पाँच वर्षका लागि मोबाइल सेवाको अनुमतिपत्र प्रदान गर्ने निर्णय गरेको हो । अनुमतिपत्रबापत २१ करोड रुपैयाँ दस्तुर लिएर टेलिकमलाई अनुमतिपत्र उपलब्ध गराइएको प्राधिकरणले जनाएको छ ।




नेपाल टेलिकमले हाल सञ्चालन गरिरहेको मोबाइल सेवाको अनुमतिपत्रको अवधि शुक्रबार सकिएपछि प्राधिकरणले अन्तिम दिन नै नयाँ अनुमतिपत्र जारी गर्ने निर्णय गरेको हो। कम्पनीले पहिलो पटक २०५६ वैशाख २८ गते मोबाइल सेवासमेत सञ्चालन गर्न सक्ने गरी आधारभूत दूरसञ्चार सेवाको अनुमतिपत्र प्राप्त गरेको थियो। तीन किस्तामा नवीकरण गर्नुपर्ने प्रावधानसहितको उक्त अनुमतिपत्रको अवधि २५ वर्षलाई तोकिएको थियो । उक्त अवधि शुक्रबार पूरा भएको हो ।
अनुमति पत्रको अवधि पूरा भएपछिको अवस्थाको स्पष्ट व्याख्या नहुँदा टेलिकमको अनुमतिपत्र नवीकरणको अन्योल कायमै थियो। सोही अन्योल चिर्दै २०८१ वैशाख २८ गते बसेको मन्त्रिपरिषद्को बैठकले टेलिकमलाई पुनः मोबाइल सेवाको अनुमतिपत्र जारी गर्न प्राधिकरणलाई निर्देशन दिने निर्णय गरेको थियो ।
दूरसञ्चार सेवालाई नियमित गर्ने प्रयोजनका लागि दूरसञ्चार ऐन, २०५३ को दफा २० को अधिकार प्रयोग गरी टेलिकमलाई ऐनको दफा ३३ को उपदफा ४ बमोजिम पुनः अनुमतिपत्र जारी गर्न निर्देशन दिने मन्त्रिपरिषद्को निर्णयमा उल्लेख छ । दफा २० मा 'नेपाल सरकारले देशको सञ्चार नीति अनुकूल दूरसञ्चार सेवालाई विविधीकरण, विस्तार तथा नियमित गर्ने सम्बन्धमा प्राधिकरणलाई समय समयमा आवश्यक निर्देशन दिन सक्ने छ र त्यस्तो निर्देशन पालना गर्नु प्राधिकरणको कर्तव्य हुने छ," उल्लेख छ ।

त्यस्तै ऐनको दफा ३३ को उपदफा ४ मा जम्मा पुँजी लगानीको पचास प्रतिशतसम्म विदेशी व्यक्ति वा सङ्गठित संस्थाको लगानी भएको दूरसञ्चार सेवाको सञ्चालन अनुमतिपत्रको अवधि समाप्त भएपछि पूर्वअनुमतिपत्र प्राप्त व्यक्तिले पुनः अनुमतिपत्र लिई सञ्चालन गर्न सक्ने उल्लेख गरिएको छ। दूरसञ्चार ऐनमा भएको उक्त व्यवस्था अनुसार मन्त्रिपरिषद्ले दिएको निर्देशनपछि नै शुक्रबार बोर्ड बैठक बसेर प्राधिकरणले टेलिकमलाई नयाँ अनुमतिपत्र दिने निर्णय गरेको हो । टेलिकमलाई उपलब्ध गराइने अनुमति पत्रको पूरा अवधि कति हुने भन्ने विषयमा भने टुङ्गो लागेको छैन । प्राधिकरणका सहायक प्रवक्ता डा. प्रदीप पौड्याल अहिलेलाई पाँच वर्षका लागि टेलिकमलाई अनुमतिपत्र जारी गर्ने मात्र निर्णय भएको बताउँछन् । विद्यमान प्रावधान अनुसार मोबाइल सेवाको अनुमति पत्र २५ वर्ष टेलिकमलाई पुनः अनुमति पत्र जारी गरिएकाले पाँच वर्ष के हुने भन्ने विषय संशोधनका क्रममा रहेको दूरसञ्चार विधेयकबाट पनि भविष्यमा सम्बोधन हुन सक्ने उनको भनाइ छ ।

# अज्ञात समूहद्वारा स्कुल बसमा आगजनी



झापा(प्रस) ।अज्ञात समूहले आइतबार भरतपुरमा एक स्कुल बसमा आगजनी गरेको छ। भरतपुर महानगरपालिका वडा नम्बर २० स्थित दद्रेनी पुलमा स्मल हेभन स्कुलको बसमा आगजनी भएको हो ।
भरतपुर कल्याणपुरमा रहेको स्कुलबाट विद्यार्थी ओसार्न अमृतनगरतर्फ गइरहेको बसमा आगजनी भएको विद्यालयका प्रधानाध्यापक रामचन्द्र न्यौपानेले जानकारी दिए ।
चारवटा मोटरसाइकलमा आएका छ जनाको समूहले बस रोकी पेट्रोल छर्किएर आगजनी गरेको बताइन्छ। उनीहरु आगजनी गरेर फरार भएका छन् । आगजनीबाट बा ०६००१ क ००४५ नम्बरको बस पूर्णरुपमा क्षति भएको छ ।
प्रधानाध्यापक न्यौपानेले कसले र कुन उद्देश्यले बसमा आगजनी गरे भन्ने नखुलेको बताए । स्मल हेभन काठमाडौंको लिटल एन्जल्सको समन्वयमा चलेको स्कुल हो ।

# भारतीय नाकामा पुनः रोकियो चिया



झापा(प्रस) ।बैशाख महिना लागेसँगै नेपालबाट भारत निकासी हुने नेपाली चियालाई भारतले पटक पटक सिमानामा रोकिदिएपछि चिया किसान र व्यवसायी समस्यामा परेका छन् । भारतले पछिल्लो पटक एकसातायता पुनः नाकामा चिया रोकिदिएको छ ।
चियाको प्रयोगशाला परीक्षण गर्ने बहानामा भारतले पछिल्लो पटक एक सातायता नेपाली चिया रोकेको हो । गएको बैशाख पहिलो साता पनि रोकिएको चिया खुला गरेको केही दिनमै पुनः भारतले रोकिदिएको इलामको सूर्योदय टी प्रोड्युसर्स एसोसिएसनका सचिव गोपाल कट्टेलले जानकारी दिए ।
"अहिले सिटिसी चियाका गाडी भारतको पानी ट्याङ्कीमा रोकिएका छन् । चियामा पुनः अवरोध भएपछि हामीले यहाँबाट चिया पठाएका छैनौँ," कट्टेलले भने, "प्रत्येक गाडीको प्रयोगशाला परीक्षण गर्नुपर्ने भारतको सर्त हुन्छ । प्रत्येक गाडीलाई पानी ट्याङ्कीमा लगेर कम्तीमा १५ दिन उभ्याउन हाम्रो खर्चले धान्दैन ।" कट्टेलका अनुसार एक गाडी चियाको नमुना पठाएर त्यसको रिपोर्ट आउन करिब १५ दिन पर्खिनु पर्छ । १५ दिनसम्म भारतीय भूमिमा पुगेको गाडीको खर्च नै धान्न नसक्ने अवस्था रहेको कट्टेल बताउँछन् । यसरी परीक्षण गर्न एक गाडी चिया पठाउँदा रिपोर्ट आउने समयसम्म करिब एक लाख भारतीय रुपियाँ खर्च हुने गरेको बताइएको छ । "हिजो मात्र एक गाडी अर्थोडक्स मैले पनि पठाएँ, कति दिन नाकामा कुर्नुपर्ने हो टुङ्गो छैन । अहिले अर्थोडक्स र सिटिसी चिया बोकेका करिब ४० वटा गाडी नाकामा थन्किएका छन्," कट्टेलले भने ।
"अस्ति प्रधानमन्त्रीलाई हामीले ज्ञापनपत्र बुझाएर चिया खुला गर्ने वातावरण बनाउन माग गर्‍यौँ । तत्कालका लागि गाडी खुला भए, फेरि केही दिनमै अवरोध कायम छ," कट्टेलले भने, ''हामीले गत वर्ष जस्तो चियाको प्रयोगशाला परीक्षण गरेपछि कम्तीमा तीन महिना त्यही रिपोर्टलाई आधार मान्नुपर्ने आवाज उठाउँदै आएका छौँ तर सरकार चियाप्रति गम्भीर देखिएको छैन ।"
गुणस्तरीय चिया उत्पादनको मुख्य यो याममा इलाममा मात्रै करिब ११ लाख किलो तयारी चिया गोदाममै थन्किएको छ ।
इलाम र पाँचथरबाट निकासी हुने अर्थोडक्स चिया प्रायजसो नासा, आइओएम जस्ता अन्तर्राष्ट्रिय संस्थाबाट अर्गानिक प्रमाणीकरण भएर निकासी हुने गरेको पनि व्यवसायीको भनाइ छ । भन्सार विभागको तथ्याङ्क अनुसार चालु आर्थिक वर्षको नौ महिनामा दुई अर्ब १८ करोड ८९ लाख २२ हजार रुपैयाँ बराबरको ९८ लाख चार हजार ११ किलो चिया निकासी भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा दुई अर्ब ६६ करोड ५४ लाख १८ हजार रुपैयाँ मूल्यको एक करोड ३३ लाख ११ हजार तीन सय ४८ किलो चिया निकासी भएको तथ्याङ्कमा उल्लेख छ ।

# झापा गाउँपालिकामा रात्रिकालीन भलिवल हुने

कुमरखोद(प्रस) ।झापा गाउँपालिकामा जेठ १ गतेदेखि चौथो अध्यक्ष कप रात्रिकालीन भलिवल प्रतियोगिता शुरु हुने भएको छ ।
झापा गाउँपालिकाको वडा नं ६ शरणामती बजारनजिकै रहेको जनता माविको खेलमैदानमा जेठ १ देखि ५ गतेसम्म भलिवल प्रतियोगिता हुने भएको हो । रात्रिकालीन भलिवल प्रतियोगितामा आयोजकसहित कोशी प्रदेशभरिका ६ टीम र प्रदेश बाहिरका २ गरी जम्मा ८ वटा टीमले भाग लिने भएका छन् । खेल दिउँसोको ४ बजेदेखि रातिको १० बजेसम्म खेलाईने अध्यक्ष कप भलिवल प्रतियोगिता संचालक समितिका अध्यक्ष रोहित शिवाकोटीले बताए । उनले दैनिक ४ खेल हुने बताए ।

प्रतियोगितामा विजेता टिमले नगद १ लाख ६५ हजार ट्रफी, मेडल र प्रमाणपत्र पाउने छ भने उपविजेता टिमका लागि नगद १ लाख १ हजार ट्रफी, मेडल र प्रमाणपत्रको व्यवस्था गरिएको छ । त्यसैगरी सेमिफाइनलबाट बाहिरिने दुवै टीमलाई नगद १५ हजार राशिको पुरस्कारको व्यवस्था गरिएको छ ।
प्रतियोगितामा सर्वोकृष्ट खेलाडीले नगद ११ हजार, उत्कृष्ट सर्भर, उत्कृष्ट स्पाईकर , उत्कृष्ट सेटर , उत्कृष्ट डिफेन्स र उत्कृष्ट ब्लकरले जनही नगद ५ हजार ५ सय रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउने भएका छन् । सबै खेलका म्यान अफ द म्याच हुने खेलाडीले जनही १ हजार १ सय नगद र मेडल पाउने अध्यक्ष कपका सल्लाहकार सदस्य गजेन्द्र थपलियाले बताए ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्कः 9825952680 9816063266 9825952677 9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation bhadrapur road, birtamode 023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः फोनः ०२३-५४०४७८ मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर: लोकबहादुर कुँवर : ९८४२६८३९९६, द्रोण अधिकारी : ९८४२६२८७९१
दमक: विष्णु सुब्बा : ९८५२६७०१३७, देविबहादुर बस्नेत : ९८१७९२४६२१
मेचीनगर: चारआली : ९८४२७०३०१३, गोबिन्द घिमिरे : ९८१५९५०१५०
उर्लाबारी: रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर: क्रिएटिभ आई: ०२१-५२५६१
इलाम, मंगलबारे: रणवीर लिम्बू ९८१६९८४७५७
काकँरभिट्टा: फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४
झापा बजार: बरत राजवंशी ९८१७०४९००१

## आजको राशिफल

मेष: रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।
वृष: आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।
मिथुन: सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।
कर्कट: जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।
सिंह: सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।
कन्या: मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्
तुला: कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।
वृश्चिक: आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।
धनु: आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।
मकर: नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।
कुम्भ: ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।
मिन: आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ